## आर्थिक वर्ष २०६०/६१ का लागि मार्टिन चौतारीको प्रतिवेदन

मार्टिन चौतारीले आर्थिक वर्ष २०६०/६१ मा गरेका कार्यहरुको विस्तृत विवरण यस प्रकार छ ।

### १. चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीको छलफल शृङ्खला प्रत्येक आइतबार राजनीतिक विषयमा, प्रत्येक मङ्गलबार विभिन्न विषयमा र प्रत्येक बिहीबार मिडियासम्बन्धी विषयमा हुन्छ । त्यस्तै युवा अभियानले चौतारीसँग मिलेर प्रत्येक शुक्रबार युवा सरोकारको विषयमा छलफल सञ्चालन गर्दै आएको छ । यस वर्ष चौतारी छलफल शृङ्खला अन्तर्गत मार्टिन चौतारीले १५१ बटा छलफल सञ्चालन गऱ्यो । अनि युवा अभियानले चौतारीसँग मिलेर यस आर्थिक वर्षमा ४४ बटा छलफल चलायो ।

***राजनीतिक छलफल शृङ्खला:*** आइतबार राजनीतिक विषयमा केन्द्रित छलफल हुने गर्छ । यो आर्थिक वर्षमा ४८ बटा छलफल गरिए भने बन्द र अन्य विदाको कारण ४ बटा आइतबार छलफल हुन सकेन (छलफलको विषय र वक्ताको विवरण अनुसूचि १ मा छ) ।

***मङ्गलबारे:*** मङ्गलबार नियमित रुपमा सञ्चालन भइरहेको छलफल यस वर्ष ४४ वटा भए । बन्दको कारणले ८ वटा छलफल रद्द गरिएको थियो । तर नियमित मङ्गलवार हुने छलफल बाहेक अन्यवारहरुमा थप १० वटा छलफल भयो (छलफलको विषय र वक्ताको विवरण अनुसूचि २ मा छ) ।

***मिडिया छलफल शृङ्खला:*** मिडिया छलफल शृङ्खला यस वर्ष पनि निरन्तर रह्यो । मिडिया शृङ्खला अन्तर्गत १५ दिनमा एक पटक भइरहेको छलफल यस वर्ष २५ वटा भए । यसै शृङ्खला अन्तर्गत १५–१५ दिनमा हुने *फिल्म @ चौतारी* अन्तर्गत २४ वटा फिल्म प्रदर्शन तथा छलफल गरियो । छलफल र फिल्म प्रदर्शनको गरी जम्मा ४९ वटा कार्यक्रम भए । त्यस्तै बन्दको कारण ४ पटक कार्यक्रम हुन सकेन (छलफलको विषय र वक्ताको विवरण अनुसूचि ३ मा छ) ।

***युवा छलफल शृङ्खला:*** विगत तीन वर्षदेखि युवा अभियानले मार्टिन चौतारीमा युवा सरोकारका विषयमा छलफल सञ्चालन गर्दै आएको छ । पहिला यो छलफलको लागि मार्टिन चौतारीले स्थान मात्रै उपलब्ध गराउँदै आएको थियो । यो आर्थिक वर्षदेखि युवा अभियानसँग मार्टिन चौतारी पनि यस कार्यक्रमको सह आयोजक भएको छ । यो आर्थिक वर्षमा ४४ वटा छलफल भए भने विभिन्न कारणले १० बटा छलफल हुन सकेन ।

### २) वातावरणीय न्याय कार्यक्रम

फोर्ड फाउण्डेशनको आर्थिक सहयोगमा वातावरणीय न्याय कार्यक्रम आर्थिक वर्ष २०५८/५९ बाट शुरु भएको हो । कार्यक्रमको संयोजक डा. जगन्नाथ अधिकारी हुनुहुन्छ भने सहयोगी अनुसन्धाता शरद घिमिरे तथा मिन बहादुर गिरी (पोखरामा आधारित) हुनुहुन्छ । यस वर्ष फाउण्डेशनको सहयोग आर्थिक वर्षको प्रारम्भमै प्राप्त नभए पनि केही वर्षको लागि फाउण्डेशनले सहयोग दिने आश्वासन दिएकाले यो कार्यक्रमलाई निरन्तरता दिन सहज भयो । विगतमा कार्यक्रमको मुख्य उद्देश्य प्राकृतिक स्रोत र स्वच्छ वातावरणमा हुने गरेको सरोकारवालाहरुको पहुँचमा देखिने समस्याहरुको अध्ययन/अनुसन्धान गरी 'वातावरणीय न्याय'को अवधारणा फराकिलो बनाउनु थियो ।

गत आर्थिक वर्षमै प्रकाशोन्मुख रहेको *वातावणीय न्याय: स्रोत संगालो* (सम्पादक: जगन्नाथ अधिकारी र शरद घिमिरे) यस वर्ष प्रकाशित भयो । यो पुस्तक दश खण्डमा विभाजित छ । नेपालको परिप्रेक्ष्यमा महत्वपूर्ण ठानिएका वातावरणीय न्याय तथा समन्यायका प्रमुख सवालसम्बन्धी सैद्धान्तिक पक्षलाई उजिल्याउने अनुसन्धानमूलक साथै उदाहरण प्रस्तुत गर्ने गहन लेखहरु यसमा समावेश छ । साथै *किसानका लागि वातावरणीय न्याय* नामक डक्युमेन्ट्री पनि यस वर्ष तयार पारियो । नेपाल वातावरण पत्रकार समूहको

सहयोगमा तयार पारिएको यो डक्युमेन्ट्री नेपाल टेलीभिजनको आँखीझ्याल कार्यक्रममा प्रदर्शन भएको थियो । यसै कार्यक्रम अन्तर्गत भएका गतिविधिहरु निम्न बमोजिम छन्:

- प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी स्थानीय स्तरका विभिन्न निकाय तथा सरोकारवालाको सहभागितामा १० बटा कार्यशाला गोष्ठीहरू सम्पन्न भयो । गोष्ठीको प्रमुख उद्देश्य स्थानीय स्तरमा वातावरणीय न्यायको अवस्था सुधार्नु थियो ।
- कास्कीको पोखरामा वन व्यवस्थापनका स्थानीय सरकारी निकाय, नागरिक समाज तथा उपभोक्ता समितिका प्रतिनिधिको सहभागितामा वन व्यवस्थापनमा वातावरणीय न्यायबारे एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।
- पोखराका स्थानीय माध्यमिक विद्यालयका विज्ञान, वातावरण र जनसंख्या, सामाजिक शिक्षा विषय पढाउने शिक्षकहरूमा वातावरणीय न्यायको शिक्षाबारे दुईबटा कार्यशाला गोष्ठीहरू सम्पन्न गरियो ।
- वातावरणीय न्यायलाई विद्यालय/विश्वविद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न/गराउन अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- वातावरण विज्ञानमा स्नातक गरिसकेका तथा गर्दै गरेका विद्यार्थीहरूमा वातावरणीय न्यायको अवधारणा प्रष्ट पार्ने दुईबटा छलफल कार्यक्रमहरू सम्पन्न गरियो । छलफलको मुख्य उद्देश्य वातावरणीय न्यायको अवधारणालाई अलि फराकिलो र व्यापक बनाउनु थियो जसले कालन्तरमा यस विषयको रुचि समूह निर्माण गर्न सघाउ पुगोस् ।
- वातावरणीय न्यायको पैरवी गर्न पोखरामा नागरिक समाज तथा गैर सरकारी संस्थाहरूको सहभागितामा दुईबटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रमको मुख्य विषय सहरी सन्दर्भका वातावरणीय न्यायका मुद्दा तथा सहरी क्षेत्रमा सार्वजनिक सम्पत्तिको विनास थियो ।
- खानेपानीको अभाव रहेका दुईबटा गरीब समुदायमा वर्षातको पानी संकलन गर्न तथा खानेपानीको वितरण सुधार्न सहयोग गरिएको थियो ।
- वातावरणीय न्यायबारे विभिन्न मिडियाका प्रतिनिधिको सहभागितामा काठमाडौंमा एक दिने सेमिनार सम्पन्न गरियो । यो कार्यक्रम न्याय मञ्चसँग मिलेर सम्पन्न गरिएको थियो ।
- पोखराको वातावरणीय अन्याय सुधार्न सर्वोच्च अदालतमा सार्वजनिक मुद्दा दायर गरिएको थियो । पहिला यो मुद्दा चौतारीको नाममा हाल्ने सहमति भए पनि प्राविधिक कारणले गर्दा मुद्दा जगन्नाथ अधिकारीको नामबाट दायर गरियो । उक्त मुद्दामा सर्वोच्च अदालतले पोखरा उपमहानगर पालिकाको नाममा कारण देखाउ आदेश जारी गरेको थियो ।

यसैबीच कृषि जैविक विविधताको रैथाने ज्ञानबारे अनुसन्धानको तथ्याङ्क जम्मा गरिएको छ । प्राप्त तथ्याङ्कको विश्लेषण गर्ने प्रकृया जारी छ । अनुसन्धानको आधारमा तयार गरेका लेखहरू तथा नयाँ लेख्न लगाइएका लेखहरू जम्मा गरी जैविक विविधताको परम्परागत ज्ञान तथा वातावरणीय न्यायसम्बन्धी पुस्तक आगामी वर्ष प्रकाशन गर्ने योजना छ । वातावरणीय न्याय कार्यक्रममा प्रस्तावित गतिविधिहरूमा कास्कीका गरीब समुदायको समूह निर्माण र सामाजिक परिचालन, विभिन्न कार्यगत गतिविधिको आधारमा उनीहरूको जीविकामा सुधार, पोखराको फेवाताल वरपर प्राङ्गारिक खेतीको प्रवर्द्धन गरी तालको प्रदूषण कम गर्ने, संरक्षण क्षेत्रको फाइदाको वितरणबारे अनुसन्धान गर्ने, पोखराको सहरी क्षेत्रको वातावरणीय न्याय सुधार्न विभिन्न गतिविधि जारी रहे ।

यो आर्थिक वर्षको अन्त्यमा फोर्ड फाउन्डेसनले पहिले नै दिने भनेको आर्थिक सहायता दिएको छ । आगामी वर्षहरुमा वातावरणीय न्याय अन्तर्गत राष्ट्रिय तथा स्थानीय स्तरको नीतिमा प्रभाव पार्ने गरी विभिन्न अन्तरक्रिया, गोष्ठी तथा छलफल कार्यक्रम सञ्चालन गरिने छ । साथै यस विषयमा थप अनुसन्धान गरिने छ । यो विषयलाई अझ सार्वजनिक चासोको स्तरमा लैजान विभिन्न श्रव्यदृश्य सामग्री, पुस्तक तयार पार्ने तथा वातावरणीय न्यायका सरोकारवालाहरु बढाउने योजना रहेको छ ।

### ३) मिडिया अनुसान्धान र विश्लेषण

गत वर्ष मिडियाका केही पुस्तकहरु प्रकाशोन्मुख थिए । त्यसमध्ये चौतारी पुस्तक शृङ्खला १४ मिडिया उत्पादन र अन्तर्वस्तु (सम्पादक रमेश पराजुली र प्रत्यूष वन्त) यस आर्थिक वर्षमा प्रकाशित भयो । यो पुस्तकमा ६ वटा अनुसन्धानमूलक लेखहरु समावेश छन् । पहिलो तीनवटा लेखहरुमा मिडिया उत्पादनमा भैरहेको गैरसरकारी संलग्नताको चर्चा छ । त्यसपछिका दुईवटा लेखमा मिडिया कन्टेन्ट उत्पादनमा रहेको कठिनाइ र प्रयास केलाइएको छ । माथिल्लो 'गेट' या 'फिल्टर'ले मिडियाको कन्टेन्ट तय गर्नमा निर्वाह गर्ने भूमिकाको अन्तिम लेखमा चर्चा गरिएको छ ।

मार्टिन चौतारीले मिडिया अनुसन्धान निरन्तर गर्दै आएको छ । यस वर्ष रेडियो नेपाल र यसको सामाजिक इतिहासको क्षेत्रमा केही अध्ययन भए । यो अध्ययन अन्तर्गत गरिएको काम हाल दुईवटा पुस्तकको रुपमा प्रकाशोन्मुख छ । रेडियोको यो अध्ययन गर्न यस आर्थिक वर्षमा कुनै स्रोत जुटाउन सकिएन । त्यसैले पुस्तक प्रकाशन कार्य यही वर्ष सम्भव नभएको हो ।

गत वर्ष प्रमोद प्रधानको *मोरङमा पत्रकारिताको अर्धशताब्दी* र केशवराज पराजुलीको *सम्पादकको कलम* पुस्तकको पाण्डुलिपि माथि काम भइरहेको थियो । यी मध्ये *सम्पादकको कलम* यसै वर्ष प्रकाशित भयो भने *मोरङमा पत्रकारिताको अर्धशताब्दी* को सम्पूर्ण कार्य सम्पन्न भएको छ र यो पुस्तक प्रकाशोन्मुख छ ।

### ४. गरिबी र स्वास्थ्यको अनुसन्धान

गरिबीसम्वन्धी अध्ययन चौतारीले प्रारम्भ गरेको नयाँ कार्य क्षेत्र हो । योभन्दा पहिला गएको वर्ष *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ* (सम्पादक प्रत्यूष वन्त र रमेश पराजुली) पुस्तकमा मिडियामा गरिबीको विषयवस्तु विश्लेषणसम्वन्धी एउटा लेख प्रकाशित छ । यो अध्ययन बाहेक बातावरणीय न्याय कार्यक्रममा गरिबीका धेरै पक्षहरु समेटिएको भए पनि यसै विषयमा केन्द्रित अध्ययन चौतारीबाट भर्खरै प्रारम्भ भएको हो ।

गरिबीको अध्ययनलाई सङ्ख्या, आर्थिक पक्ष र बजेट, र दाताहरुको संसारभन्दा निकै फराकिलो दृष्टिले एकीकृत गर्ने लक्ष्य यस अध्ययनको हो । यसैले अध्ययनको प्रारम्भमा गरिबीसम्बन्धी एउटा स्रोत सङ्गालो र स्वास्थ्यको विषयमा अर्को स्रोत सङ्गालो तयार गर्ने कार्यक्रम थियो । यी दुवै स्रोत सङ्गालो २०६१ सालको भदौसम्म प्रकाशित गर्ने लक्ष्य रहेको छ ।

गरिबीसम्बन्धी यो अध्ययनको लागि नर्वेजीयन चर्च एडले आर्थिक सहयोग गरेको छ । यो कार्यक्रममा भास्कर गौतम, जगन्नाथ अधिकारी, पूर्ण बस्नेत र अनिल भट्टराई संलग्न छन् । यसको केही आधारभूत कार्य गर्न अनु अमात्य र प्रेम पौडेलले सहयोग पुऱ्याएका थिए ।

### ५) पुस्तक प्रकाशनको काम

मार्टिन चौतारी पुस्तक शृङ्खलामा यो वर्ष जम्मा ५ वटा पुस्तक प्रकाशित गरिए । चौतारी पुस्तक शृङ्खला १६ *(सम्पादकको कलम)* र १७ *(बातावरणीय न्याय: स्रोत सँगालो)* माथि उल्लेख भइसकेका छन् । चौतारी पुस्तक शृङ्खला १५ *नेपाल स्टडिज इन द युके: कन्भर्सेसन वीथ प्राक्टिसनर्स* प्रत्यूष वन्तले नेपालसम्बन्धी अध्ययन गर्ने १९ जना प्राज्ञसँग लिएको अन्तर्वार्ताको सङ्गालो हो । त्यस्तै चौतारी पुस्तक शृङ्खला १९ नेपालको माओवादी अन्दोलनबारे रमेश पराजुलीले तयार गरेको सन्दर्भ सामग्री हो ।

यो वर्षसम्म चौतारीबाट प्रकाशित पुस्तकहरु चौतारीकै अनुसन्धान र पुस्तकसम्वन्धी कार्यक्रमका उत्पादन थिए । साथै चौतारीले अध्ययन गरिरहेको विषयमा अरुले गरिरहेका काम र तयार गरेको पाण्डुलिपिलाई पनि चौतारीले प्रकाशन योग्य बनाएको थियो । चौतारी पुस्तक शृङ्खला १३ *(सुदूर पश्चिममा पत्रकारिता)*, १६ *(सम्पादकको कलम)*, २० *(मोरङमा पत्रकारिताको अर्धशताब्दी)* यस्तै केही उदाहरण हुन् । तर यस्ता सबै अभ्यासहरु भन्दा बेग्लै यस वर्ष चौतारी *नेपाली–थामी–अङ्ग्रेजी* शब्दको पनि प्रकाशित गऱ्यो । यो शब्दकोश

मार्क टुरीनले वीर बहादुर थामीको साथमा तयार गरेका हुन् भने यसको प्रकाशनको लागि बेलायती दूतावासले आर्थिक सहयोग दिएको थियो ।

**६) प्रशासनिक कार्यहरु**

यस आर्थिक बर्षमा निम्न प्रशासनिक निर्णयलाई कार्यकारी समितिले कार्यान्वयन गरेको छ ।

- २०६० साउन ११ गते मार्टिन चौतारीको साधारण सभा सम्पन्न भयो । साधारण समितिले तदर्थ समितिलाई विघटन गरेर नयाँ कार्य समितिको चयन गरेको थियो । यो समितिको कार्यावधि दुई बर्ष रहने छ (हे. समितिको विस्तृत बिबरणको लागि बुँदा ९) ।
- २०६१ असार ७ गते चौतारीले मार्टिन चौतारीको नयाँ सदस्यताको लागि निवेदन आह्वान गरेको थियो । प्राप्त निवेदनहरुको आधारमा मार्टिन चौतारीको कार्यकारी समितिले यस बर्ष नयाँ ७ जना व्यक्तिलाई सदस्यता दिने भनी निर्णय गऱ्यो (हे. अनुसूची ४) ।
- माथि उल्लेख भएअनुसार बिभिन्न कार्यक्रमलाई कार्यान्वय गर्ने क्रममा बीचमा केही व्यक्तिहरु छोटो समयको लागि चौतारीसँग आवद्ध थिए । गरिबी र स्वास्थ्यको कार्यक्रममा अनु अमात्य र प्रेम पोडेलले चौतारीसँग आवद्ध भएर तीन महिना काम गरे । त्यस्तै महिला प्राज्ञसम्बन्धी बिषयमा तीन महिनाको लागि सिर्जना सुब्बा पनि चौतारीमा कार्यरत हुनु हुन्छ । कार्यकारी समितिको निर्णयअनुसार यी व्यक्तिहरुसँग चौतारीले काम गरेको हो ।
- गत बर्ष जगन्नाथ अधिकारी र शरद घिमिरेले मार्टिन चौतारीको छलफल शृङ्खलाको समीक्षाको गर्नु भएको थियो । समीक्षामा प्राप्त सुभावको आधारमा चौतारीमा महिला वक्ता बढाउने, सहभागीको सङ्ख्या वृद्धी गर्ने, सहभागीतर्फ पनि जातीय र लैङ्गिक बिबिधतालाई अफ राम्रोसँग समेट्ने र छलफलको गुणस्तर उकास्न पहल गर्ने निर्णय भएको थियो । यो निर्णय अनुरुप कति काम हुन सक्यो त्यसको लागि यस बर्षको छलफल शृङ्खलाको अध्ययन गर्ने योजना थियो । तर यो कार्य यस आर्थिक बर्षमा हुन सकेन । छलफलको मूल्याङ्कनको लागि निकट भबिष्यमा थप समीक्षा गर्ने कार्यक्रम छ ।
- बिगतमा मार्टिन चौतारीबाट धेरै कामहरु गर्न आर्थिक स्रोत खोज्ने बिभिन्न प्रयासहरु भएका थिए । यी अधिकांश प्रयास धेरै हदसम्म विफल भएको अनुभव कार्यकारी समितिसँग छ । चौतारीले चाहेको काम गर्न स्रोत सङ्कलन कसरी गर्ने बिषयमा कार्यकारी समितिका धेरै बैठकहरु केन्द्रित पनि भए । केही बैकल्पिक बिचारहरु पनि देखा परे । तर ती बिचारहरुको प्रयोगमा ठोस पहल हुन सकेको छैन । त्यसैले मार्टिन चौतारीलाई आवश्यक लागेका धेरै बिषयहरुमा अध्ययन/अनुसन्धान गर्न आर्थिक स्रोत खोज्ने कार्य निकै टड्कारो सवाल बनेको छ । यसबारेमा संस्थाभित्र र साधारण सदस्यहरुसँग पनि थप र ठोस छलफल गर्नु पर्ने आवश्यकता कार्यकारी समितिले महशुश गरको छ ।

**७) विश्व सामाजिक मञ्च (डब्लुएसएफ)**

अर्को विश्व सम्भव छ भनेर सन् २००० देखि प्रारम्भ भएको डब्लुएसएफको पछिल्लो कार्यक्रम भारतमा भएको थियो । २०६० को पुसमा मुम्बइमा सम्पन्न भएका विश्व सामाजिक मञ्च २००४ मा मार्टिन चौतारीको नेतृत्वमा ३० जना व्यक्तिहरु सहभागी भएका थिए । चौतारी बाट ४ जना, काठमाडौंबाट १९ जना, र काठमाडौंभन्दा बाहिरबाट ११ जनालाई मार्टिन चौतारीले डब्लुएसएफमा सहभागी गराएको थियो । यसको लागि फाउण्डेसन चार्ल्स लियोपोल्ड मेयर (एफपीएच)ले आर्थिक सहयोग उपलब्ध गराएको थियो ।

भारतमा भएको डब्लुएसएफ २००४ व्यापक अन्तर्राष्ट्रिय सम्मेलन हो जसमा नेपालको तर्फबाट पनि हजारभन्दा बढी व्यक्ति सहभागी थिए भनिन्छ । चौतारीबाट गएका सहभागीहरुका अनुसार धेरै प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध, सञ्जाल र एक्स्पोजरको लागि यो सम्मेलन निकै सार्थक र उपलब्धीपूर्ण रहेको थियो ।

८) अन्य कार्यहरु

आफ्ना नियमित कार्यक्रम र अनुसन्धान बाहेक चौतारीले थप केही कार्यहरु पनि गरेको छ । पत्रपत्रिकालाई आधार बनाएर चलचित्र माथिको लेखनबारे मिडिया विश्लेषण गर्नु, राष्ट्रिय विकास सेवा (राविसे)को बारेमा पाइने सन्दर्भ सामग्रीको सूची तयार गर्ने काम उल्लेख्य छन् । अनुभव अजीत, अनुप सुबेदी र भास्कर गौतमको समूहले फिल्ममा अझ विस्तारित अध्ययन गरिरहेको छ । त्यस्तै गएको वर्ष प्रेम पौडेलले राष्ट्रिय विकास सेवा (राविसे) सम्बन्धी गरिरहेको काम सम्पन्न गरेका छन् । केही थप काम गरेर यसलाई प्रकाशित गर्ने उद्देश्य छ ।

विगत एक वर्षभन्दा बढी समयदेखि चौतारीले लैङ्गिक विषयमा काम गर्ने अवधारणा तयार गरे पनि माथि उल्लेख गरे जस्तै आर्थिक स्रोत जुटाउन नसकेकोले यस विषयमा सोचे अनुसार धेरै काम गर्न सकिएको छैन । तर माहिलासम्बन्धी लेखको सन्दर्भ सामग्री निर्माण गर्ने कार्य हर्षमान महर्जनले सम्पन्न गरिसकेका छन् भने भर्खरै सिर्जना सुब्बाले नेपालका प्राज्ञ महिलाहरुको विवरण सङ्कलन गर्ने कार्य गरिरहनु भएको छ ।

यो आर्थिक वर्षमा मार्टिन चौतारीले नेपाल दक्षिण एसिया केन्द्र र शान्तिका लागि साझा अभियानसँग मिली 'राजनीतिक सम्झौता: नेपाल, श्रीलङ्का र दक्षिण अफ्रिकाको अनुभव' विषयक सार्वजनिक बहस २०६१ असार १६ मा गरेको थियो ।

९) मार्टिन चौतारीको २०६० साउन ११ गते बसेको पहिलो साधारण सभाले तय गरेको कार्यकारी समिति यस प्रकार छ:

| | |
|---|---|
| अध्यक्ष: | जगन्नाथ अधिकारी |
| उपाध्यक्ष: | मन्जुश्री थापा |
| सचिव: | सेरा तामाङ |
| कोषाध्यक्ष: | भास्कर गौतम |
| सदस्य: | विकास पाण्डे, प्रत्यूष वन्त, शेखर पराजुली |